नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

## चाडपर्व लक्षित खाद्य पदार्थको निरीक्षण अनुगमन सम्वन्धी प्रेस नोट
(२०८१ असोज २३ देखि कार्तिक १२ गते सम्म)

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले विभागबाट मोवाइल फुड ल्याव भ्यान संचालन गरी तथा मातहतका कार्यालयहरुबाट निरीक्षण अनुगमनका टोलीहरु बनाई दैनिक रुपमा खटाई देशैभर निरीक्षण अनुगमन जारी राखेको छ।

यसै सन्दर्भमा मिति २०८१/०६/२३ देखि २०८१/०७/१२ सम्म विभाग तथा मातहतका कार्यालयहरुबाट खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम चाडपर्व लक्षित खाद्य पदार्थहरुको नियमित एवं संयुक्त निरीक्षण तथा अनुगमनका लागि टोलीहरु खटाई जम्मा ३१२ वटा खाद्य उद्योग एवं व्यवसायहरुको निरीक्षण अनुगमन गरी कारबाही गरिएको छ। जसमध्ये १०५ वटा खाद्य बजार, १०५ वटा खाद्य उद्योग र १०२ वटा होटल तथा रेस्टुरेन्टहरु निरीक्षण अनुगमन गरिएको छ।

यसैगरि देशैभरिबाट खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ बमोजिम ३९ वटा नमूना र खाद्य स्वच्छता सर्भिलेन्सका लागि ६१ वटा नमूना गरी १०० वटा खाद्य पदार्थका नमूनाहरु संकलन गरिएको छ। निरीक्षण अनुगमनका क्रममा उपभोग्य मिति समाप्त भएका, पूर्ण लेबल विवरण नभएका र खाद्य अनुमतिपत्र नलिएका करीव रु. ४,४४,६०३ मूल्य बराबरको खाद्य पदार्थ जफत तथा नष्ट गरिएको छ।

सोही अवधिमा मोवाइल खाद्य प्रयोगशाला भ्यानहरु संचालन गरि जम्मा ३२ पटक खाद्य उद्योग एवं व्यवसायहरुको निरीक्षण अनुगमन गरी कारबाही गरिएको छ। जसमध्ये ८ पटक खाद्य उद्योगहरु र २४ पटक खाद्य व्यवसाय एवं होटल रेस्टुरेन्ट निरीक्षण अनुगमन गरिएको छ। मोवाइल खाद्य प्रयोगशाला भ्यानमा मिठाईका ३८ वटा, प्रशोधित दूधका १२ वटा , खाने तेलका १२ वटा, प्रशोधित पिउने पानीका १२ वटा, घ्यूका ९ वटा, पेय पदार्थका २ वटा, महका २ वटा र नुनको १ वटा लगायत विभिन्न खाद्य पदार्थ गरी ८८ वटा नमूनाहरुको स्थलगत प्रारम्भिक चेकजाँच गरिएकोमा कैफियत पाइएका ८ वटा खाद्य व्यवसायहरु उपर खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम थप अनुसन्धान तथा कारवाही प्रक्रिया अघि बढाइएको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले मिति २०८१ असोज १६ देखि २ वटा मोवाइल फुड ल्याव भ्यान संचालनमा ल्याएकोमा मिति २०८१ कार्तिक ११ देखि बाँकी २ वटा मोवाइल फुड ल्याव भ्यान पनि मर्मत संभार भई ४ वटै मोवाइल फुड ल्याव भ्यानहरु संचालन अवस्थामा रहेको छ।

मिति २०८१/०७/०९ गते पाल्पा जिल्ला, तानसेन नगरपालिका वडा नं. ३, शिवालय टोलस्थित सोनीका जेनेरल स्टोर्समा संयुक्त अनुगमनका क्रममा उपभोग्य मिति समाप्त भएको पर्ल ब्रान्डको २० के जीको ८३ बोरा चामल विक्री वितरण रोक्का राखिएकोमा मिति २०८१/०७/१० गते अनुगमन टोलीका सदस्यहरुको रोहवरमा नष्ट गरिएको छ।

नेपालगन्ज एकिकृत जाँच चौकी स्थित खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालय, नेपालगन्जले चाडवाडको समयमा नेपालगन्जका स्थानीय व्यापारीले व्यवसायीक प्रयोजनका लागि मिति २०८१/०६/३० गते भारतबाट पैठारी गरी भन्सार नाकामा ल्याइएको ८५,००० के. जी. चामलको नमूना परिक्षण गर्दा तापले क्षतिग्रस्त दानाको मात्रा अत्याधिक बढि पाइएको साथै व्यापारीक प्रयोजनका लागि प्रभुकृपा अर्डर एण्ड सप्लायर्स, कोहलपुर बाँकेले भारतबाट पैठारीको लागि मिति २०८१/०७/०४ गते नेपालगन्ज भन्सार नाकामा ल्याएको १२,००० के. जी. मासको दाल परिक्षण गर्दा कोल टार डाई बाह्य रंगको उपस्थिति पाइएको हुँदा उक्त न्यूनस्तर चामल र मासको दालको कन्साइन्मेन्टको प्रवेश अनुमति अस्वीकृत गरी सम्वन्धीत भन्सार कार्यालयबाट निर्यातकर्ता मुलुकमा फिर्ता गरेको जनाएको छ।

यसैगरि व्यापारीक प्रयोजनका लागि कि फुड्स इन्टरनेशनल प्रा. लि., काठमाडौंले दुबईबाट पैठारीको लागि मिति २०८१/०७/०७ गते सुख्खा बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सा नाकाहुँदै खाने प्रयोजनका लागि ल्याउन खोजेको १९२ के. जी. रोज वाटरको नमूना बीरगन्ज, पर्सास्थित खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग अन्तर्गतको खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालय, बीरगन्जले परिक्षण गर्दाआँखाले देख्न सकिने बाह्य पदार्थको उपस्थिति पाइएकोले आयात गर्न नमिल्ने भनि प्रवेश अनुमति अस्वीकृत गरिएको छ ।

मिति २०८१/०७/०५ गते वर्ल्ड वेब इन्टरप्राइजेज भक्तपुरले नयाँ दिल्ली, भारतबाट भन्सार कार्यालय, बेलहिया, भैरहवा नाका हुँदै खाने प्रयोजनका लागि पैठारी गरेको ४.८ के. जी. सुगर बलको नमूना खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग अन्तर्गतको खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालय, बेलहिया, भैरहवाले परिक्षण गर्दा खाद्य लेबल सम्वन्धि विवरण खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को प्रतिकूल रहेकोले आयात गर्न नमिल्ने भनि प्रवेश अनुमति अस्वीकृत गरिएको छ।

खाद्य स्वच्छता तथा गुणस्तर कायम गर्न विभागले सम्पूर्ण खाद्य व्यवसायीहरुलाई लेबल विवरण नभएका खाद्य पदार्थ बिक्री वितरण नगर्न, सरसफाईमा विशेष ध्यान दिन, खाद्य पदार्थ खरिद बिक्री गर्दा लेवल अनिवार्य हेर्न, स्टोर तथा भण्डार व्यवस्थित गरी सफा राख्न, उपभोग्य मिति समाप्त भएका खाद्य पदार्थ छुट्टै भण्डारण गर्न, पकाएको खाद्य पदार्थ छोपेर राख्न, मसिले लेखिएको, छापिएको वा रंगाईएको कागजमा खाद्य पदार्थ नराख्न, किट नियन्त्रण गर्न र अनुमतिपत्र नलिइ खाद्य व्यवसाय संचालन नगर्न निर्देशन दिएको छ।

खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम निषेधित कार्यहरु नगर्न नगराउन सम्पूर्ण खाद्य उद्योग एवं व्यावसायीलाई अनुरोध छ। साथै ऐनले निर्देशित गरे बमोजिमका कर्तव्यहरु सबै खाद्य व्यवसायीले पालना गरी दिनु हुन समेत अनुरोध छ। अन्यथा ऐन नियम बमोजिम कारबाही हुने व्यहोरा जानकारी गराईन्छ।

आउँदै गरेको तिहार, नेपाल सम्बत, छठ लगायत नेपालीहरुको महान चाडपर्व २०८१ को सुखद उपलक्ष्यमा सम्पूर्णमा हार्दिक मंगलमय शुभकामना !

मोहन कृष्ण महर्जन
प्रवक्ता, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
२०८१/०७/१३